# गुलरिया नगरकार्यपालिकाको बैठकका निर्णयहरु

## बैठक नं. ५७, २०७९-२०८४

मिति २०८२।०६।२३ गते

निर्णय नं. १

गुलरिया नगरपालिकाको ५६औं कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समिक्षा गरियो ।

निर्णय नं. २

मिति २०८२ भाद्र २४ गते जेन जी (Gen-Z) को नाममा भएको आन्दोलनको ~~क्रममा~~ दिनमा यस गुलरिया नगरपालिका कार्यालयमा बेलुका अन्दाजी ७:३० बजेको समयमा केहि उच्छृखंल व्यक्ति तथा समुहद्वारा भएको आगलागी तथा तोडफोडमा संलग्न व्यक्तिहरुको भिडियो फुटेज, फोटोहरु सहित निजहरुलाई कडा भन्दा कडा कार्वाही गर्न मिति २०८२।०५।३० गते गुलरिया नगरपालिका कार्यपालिका बैठकको निर्णय सहित श्री जिल्ला प्रहरी कार्यालय बर्दियामा पत्राचार गरिएको र सो उपर अनुसन्धानको क्रममा सो घटना घटाउने व्यक्तिहरुलाई पक्राउ गरि हिरासतमा राखिएकोमा जिल्ला सरकारी वकिलको कार्यालय बर्दियाबाट आरोपीत व्यक्तिहरुका उपर अदालतमा अभियोग पत्र दायर नगरी पक्राउ परेका मध्य १ जना अनागरिक व्यक्ति सहित सबैजनालाई हाजिर जमानीमा छाडिएको विषयमा हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ ।

कानूनको सर्वोच्चता तथा विधिको शासन स्थापनाका लागि कुनै पनि अपराधमा संलग्न व्यक्तिहरुलाई पक्राउ गरि निश्पक्ष ढंगबाट अनुसन्धान गरि तोकिएको कानूनी हदम्याद भित्र आरोपीत व्यक्तिहरुका उपर सम्बन्धित अदालतमा अभियोग पत्र दायर गर्नु सरकारी वकिल कार्यालयको जिम्मेवारी हुन्छ र प्रस्तुत घटनाका सम्बन्धमा यस गुलरिया नगरपालिकामा अनाधिकृत रुपले प्रवेश गरि हुलदंगा मच्याई आगजनी गरि कार्यालय भित्र तथा बाहिर रहेका सम्पूर्ण साधन तथा सामाग्रिहरु आगजनी गरि जलाई पूर्ण रुपले नष्ट गरेको कार्य गर्ने व्यक्तिहरुको सि.सि टिभि फुटेजबाट स्पष्ट रुपले पहिचान भै सकेको र सो पहिचान भएका व्यक्तिहरु मध्य केहि व्यक्ति फरार रहेका र केहि व्यक्ति पक्राउ परेको अवस्थामा पक्राउ परेका व्यक्तिहरु माथि अभियोजन गर्नु र फरार व्यक्तिहरुलाई फरार सूचीमा राखि पक्राउ पूर्जी समेत जारी गर्नु पर्नेमा सो कार्य सम्बन्धित कार्यालयबाट नगरिएकोले विधिको शासनको उपहास हुनुको साथै आरोपित व्यक्तिहरुको मनोबल समेत बढन् गएकोले यो गुलरिया नगरपालिका कार्यालय स्तव्ध र दुःखी भएको हुदाँ यथाशिघ्र आरोपित व्यक्तिहरुमाथि कानूनी प्रक्रिया पुऱ्याई मुद्दा दायर गरि दोषि देखिएका व्यक्तिलाई अधिकतम सजाय गरि यस नगरपालिका कार्यालयको नष्ट भएको सम्पूर्ण सम्पत्तिको क्षतिपूर्ती समेत दोषिहरुबाट दिलाई पाउनका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।